# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख ३० गते ०९ साल

## भाग १

## प्रधानमन्त्रालय राज्यव्यवस्थाको सूचना

१. ०८।९।१७ का मन्त्रिमण्डलका नियमानुसार मुद्दा हेर्ने विषयमा प्रकाश भएका गजेटमा लेखिएका अवधिभित्रै अनुरोधपत्र आइरहेमध्ये राजनैतिक अभियोगमा परेका जवानहरूको मुद्दा ९७ सालदेखिको हेरिने भन्ने मन्त्रिमण्डलका निर्णयअनुसार भनी लेखी आएको हुनाले सो अवधिअघिको राजनैतिक अभियोगमा पर्ने निवेदकहरूको मुद्दा पुनः विचार नहुने र पृथक् पृथक् सूचना दिन पनि साध्य नभएको हुनाले सूचित गरेको छ।

२. संवत् १९९७ साल र त्यसपछिको राजनैतिक विषयको सो गजेट-अनुसार आएका प्राप्त पत्रहरूमध्ये धेरैमा आवश्यकीय विवरण उल्लेख नभएको हुनाले बुझ्ने कार्य हुन नसक्ने र समयसमेत लाग्ने भएकोले त्यस्ता निवेदनहरू-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाट के गरे भन्ने आरोप लगाई कुन साल मितिमा कस्को कस्तो आज्ञाले कुन अड्डा कचहरीबाट कतिकति मूल्यको के के अपहरण भएको हो, त्यस्को प्रमाण स्रेस्ता मिसिल कहाँ कहाँ छ (या होला), सोसमेत सबै आवश्यकीय विवरण खुलाई आफूसँग प्रमाण भए सोसमेत राखी साक्षी श्रोता भए उल्लेख गरी र अघि प्रकाश भएको गजेटमा कार्यकारण परी आफ्नु भएको निवेदनपत्र दिन नपाउने व्यक्तिहरुले पनि सबै कुराको स्पष्टीकरण गरी २००६ साल ज्येष्ठ मसान्तभित्रमा यस मन्त्रालयमा ल्याउन पठाउनुहोला; उचित कारवाई हुनेछ। उक्त अवधिभित्र लेखिएअनुसार विवरण नआएमा यस मन्त्रालयउपर दोषारोपण गर्न पाउनुहुनेछैन।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
श्री
... ध्वज जोशी
अफिसर मुद्रण